# समुदायमा हस्तान्तरित सामुदायिक विद्यालय व्यवस्थापनको प्रभावकारीता

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायद्वारा**
**सञ्चालित स्नातकोत्तर द्वितीय वर्षको**
**Ed. ५९८ को आंशिक आवश्यकता**
**परिपूर्तिका निमित्त प्रस्तुत**
**शोधपत्र**


**शोधकर्ता**
**सोमनाथ गौतम**
त्रि.वि. दर्ता नं. : २३५८०-९०
परीक्षा रोल्नं. : २१४००७७
शैक्षिक वर्ष : ०६१/०६२

सुकुना बहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
इन्द्रपुर, मोरङ



२०६६

## त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय
## सुकुना बहुमुखी क्याम्पस
## शैक्षिक योजना तथा व्यवस्थापन विभाग
## इन्द्रपुर, मोरङ

### सिफारिस पत्र

प्रस्तुत शेधपत्र निज सोमनाथ गौतमले मेरो प्रत्यक्ष निगरानी र मार्गदर्शनमा रही तयार गर्नु भएको हो । उहाँको शोधपत्रको शीर्षक समुदायमा हस्तान्तरित **सामुदायिक विद्यालय व्यवस्थापन प्रभावकारिता** भन्ने रहेको छ । निजको शोधपत्र समितिमा मूल्याङ्कनका लागि प्रस्तुत गर्न सिफारिस गर्दछु ।

मिति : २०६६/५/१

..............................................................................

**स.प्रा. खगेन्द्र प्र. लुइंटेल**
**शोध निर्देशक**

# स्वीकृति पत्र

शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विभागका विद्यार्थी सोमनाथ गौतमले "समुदायमा हस्तान्तरित सामुदायिक विद्यालय व्यवस्थापनको प्रभावकारीता" शीर्षक राखी शोधनिर्देशक खगेन्द्रप्रसाद लुइटेलको प्रत्यक्ष निर्देशनमा तयार पार्नु भएको शोधपत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री लक्ष्मीकुमार श्रेष्ठ | विभागिय प्रमुख | |
| २. | श्री गणेशप्रसाद दहाल | सदस्य, शोध समिति | |
| ३. | श्री खगेन्द्रप्रसाद लुइटेल | शोध निर्देशक | |
| ४. | प्रा.डा. बासुदेव काफ्ले | बाह्यपरीक्षक | |

मिति: २०६६/६/१

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर मोरङमा शैक्षिक योजना तथा व्यवस्थापन विशिष्टिकरण विषय अर्न्तगत स्नाकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्नको निम्ति प्रस्तुत "समुदायमा हस्तान्तरित सामुदायिक विद्यालय व्यवस्थापन प्रभावकारीता" शोधपत्रको प्रस्तावनाकार्य शुरूदेखि अन्त्यसम्म आफ्नो अमूल्य समय दिई आवश्यक मार्गदर्शन प्रदान गर्नु हुने गुरु श्री खगेन्द्र प्र. लुइंटेल ज्यूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । त्यसैगरी अनुसन्धान कार्य गर्न महत्वपूर्ण सल्लाह ,सुझाव एवं आवश्यक मार्गनिर्देश गर्नुहुने शैक्षिक योजना तथा व्यवस्थापन विभागका गुरूहरू श्री लक्ष्मीकुमार श्रेष्ठ, गणेश प्र. दाहाल , र अशोक कालाखेती ज्यूप्रति पनि हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

यस अध्ययनको लागि छनोट गरिएका विद्यालयका प्र.अ. तथा सम्पूर्ण शिक्षक स्टाफ, अर्न्तवार्ता दिई सहयोग गर्नु हुने सम्पूर्ण नमूना अभिभावक तथा विद्यार्थीहरूलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

यस शोधपत्र लेखनमा आवश्यक खर्च जुटाई पढ्न तथा लेखन कार्यगर्न सहयोग गर्ने आदरणीय बुवाआमा तथा अध्ययनकार्यको लागि अमूल्य समय उपलब्ध गराई सहयोग पुऱ्याउने श्रीमती बुद्धलक्ष्मी गौतम पनि धन्यवादका पात्र हुनुहुन्छ ।

त्यसै गरी सुकुना बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख श्री रामप्रसाद काफ्ले र सहायक क्याम्पस प्रमुख श्री पीतकुमार श्रेष्ठलाई विशेष धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा शोधपत्र प्रतिवेदन टङ्कण कार्यमा सहयोग गरिदिनुहुने टिना डिजिटल फोटो स्टूडियो तथा SOft Tech computer Institute का भाइ धर्मेन्द्र दुलाललाई पनि धन्यवाद दिन चाहन्छु ।

मिति : २०६६/५/२०

सोमनाथ गौतम

एम.एड. दोस्रो वर्ष

२०६६

# शोधसार

विद्यालय व्यावस्थापन समूदायमा हस्तान्तरण कार्यक्रम लागू भएको ५ बर्ष विति सकेको छ । हाल देशमा विद्यालय व्यवस्थापनको क्षेत्रमा विविधता देखिएको छ । पहिलो समुदायमा व्यवस्थापन हस्तान्तरण नभएका सरकारी विद्यालयको व्यवस्थापन, दोस्रो समुदायमा व्यवस्थापन हस्तान्तरण गरिएका सरकारी विद्यालय व्यवस्थापन र तेस्रो संस्थागत विद्यालयको व्यवस्थापन । सरकारी र संस्थागत विद्यालय व्यवस्थापनको वीचमा ठूलो अन्तर रहेको देखिन्छ । संस्थागत विद्यालयमा भौतिक व्यवस्थापनकोसाथै आन्तरिक दक्षताका सूचकहरूमा पनि सरकारी विद्यालयमा भन्दा उल्लेख्य सुधार भएको पाइन्छ । २०५९/०६० बाट यो कार्यक्रम लागू भए पनि हालसम्म विविध उतारचढाबका कारण पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन । यसै विषयलाई अध्ययन गर्नको लागि समुदायमा व्यवस्थापन हस्तान्तरणको प्रभाव कस्तो छ , समुदायलाई सशक्त बनाई व्यवस्थापनमा कसरी सुधार ल्याउन सकिन्छ र व्यवस्थापन हस्तान्तरण पूर्व र हस्तान्तरण पश्चात् शैक्षिक सूचकहरूमा कस्तो परिवर्तन आएको छ  भनी तुलनात्मक अध्ययन गर्नुलाई मुख्य उद्देश्य मानिएको छ ।

संखुवासभा जिल्लाको धुपू र बाह्रवीसे स्रोतकेन्द्रका कम्तीमा ३ शैक्षिक वर्ष समुदायमा व्यवस्थापन हस्तान्तरण भई कर्यअुनभव हासिल गरिसकेका श्री जम्वावती मा.वि. सिभुवा र सरस्वती मा.वि. पाखिवास अध्ययनको लागि छनोट गरिएका छन् अध्ययनको लागि तथ्याङ्क सङ्कलन गर्ने साधनहरू विद्यालय अभिलेख, अन्तरवार्ता छलफल, अर्न्तक्रिया तथा अनुसूचि आदि रहेका छन् ।

अध्ययनको क्रममा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक ढाँचाको अध्ययनलाई आधारमानि नमूना छनोट गरिएका विद्यालयको व्यवस्थापन हस्तान्तरण पूर्व र हस्तान्तरण पश्चात् देखिएका आन्तरिक दक्षताका सूचक, समितिका सदस्य तथा अभिभावकहरूले खेलेको वर्तमान भूमिका र कार्य एवं समुदाय सशक्तिकरण गर्न सकिने आधारहरूबारे उल्लेख गरिएको छ ।

विद्यालय व्यवस्थापन समुदायमा हस्तान्तरण कार्यक्रमलाई प्रभाकारी रुपमा लागू गर्दा सरकारले पर्याप्त मात्रामा गृहकार्य नगरी दातृनिकायको  अनुरोधमा लागू गर्न खोजिएको, सरोकारवाला पक्षहरूसँग छलफल नभएको, शिक्षकका पेशागत हकहित प्रति शंङ्का गर्नु पर्ने स्थति रहेको जस्ता कार्यले गर्दा यस्ता कुराहरूलाई स्पष्ट गरेर मात्र कार्यक्रम लागू गर्नु पर्ने कुरा अध्ययनले सिफारिस गरेको छ ।

# विषयसूची

सिफारिस पत्र

स्वीकृति पत्र

कृतज्ञताज्ञापन

शोधसार

विषयसूची

तलिका सूची

संक्षिप्त रुप

## परिच्छेद एक : परिचय

| क.स. | पेज नं. |
|---|---|
| १. पृष्ठभूमि | १ |
| १.१ सामुदायिक विद्यालयको वर्तमान अवस्था | ४ |
| १.२ समस्याको कथन | ७ |
| १.३ अध्ययनको औचित्य | ८ |
| १.४ अध्ययनको उद्देश्य | ९ |
| १.५ अनुसन्धानात्मक प्रश्न | ९ |
| १.६ परिसीमा | १० |

## परिच्छेद दुई

## सैद्धान्तिक ढाँचा तथा सम्बन्धित साहित्यको पुनरावलोकन

| | |
|---|---|
| २.१ सैद्धान्तिक ढाँचा | १२ |
| २.२ सम्बन्धित साहित्यको पुनरावलोकन | १४ |
| २.३ शैक्षिक उपादेयता | २१ |

## परिच्छेद तीन

## अनुसन्धान विधि


३.१ अनुसन्धान ढाँचा २३

३.२ तथ्याङ्क सङ्कलन प्रक्रिया २४

३.३ अनुसन्धान सामग्रीहरू २४

३.४ तथ्याङ्कका स्रोतहरू २४

३.५ तथ्याङ्क विश्लेषण विधि २५


## परिच्छेद चार

## तथ्याङ्कको प्रस्तुति र विश्लेषण


४.१ विद्यार्थीको सहजै देखिने भर्नादर (GER) र खूदभर्नादर (NER) २५

४.२ विद्यार्थीको कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दर २७

४.३ प्राथमिक तह पूरा गर्ने दर र औषत सिकाइ उपलब्धी दर २८

४.४ शिक्षक विद्यार्थीको औषत वार्षिक उपस्थिति दर २९

४.५ भौतिक सुविधाहरु ३०

४.६ विद्यालय गतिविधि तथा सहक्रियाकलाप ३१

४.७ स्रोतव्यक्तिका अभिव्यक्तिहरु ३३

४.८ प्र.अ. का अभिव्यक्तिहरु ३४

४.९ वि.व्य.स. अध्यक्षका अभिव्यक्तिहरु ३५

४.१० विद्यार्थीका अभिव्यक्तिहरु ३६

४.११ शिक्षक विद्यार्थी अनुपात ३८

४.१२ विद्यालयले बनाएका नियमहरु ३८

४.१३ परीक्षा प्रणाली ३९

४.१४ विद्यालयप्रति अभिभावकको चासो ४०

## परिच्छेद पाँच
## प्राप्ति, निष्कर्ष र सुझावहरू

५.१ प्राप्ति ४१

५.२ निष्कर्ष ४४

५.३ सुझावहरू ४५

**सन्दर्भसूची**

**अनुसूची**

# तालिका सूची

तालिका नं. १ विद्यार्थीको सहजै देखिने भर्नादर (GER) र खूद भर्नादर (NER) २६
तालिका नं. २ विद्यार्थीको कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दर २७
तालिका नं. ३ प्राथमिक तह पूरा गर्ने दर र औषत सिकाइ उपलब्धी दर २८
तालिका नं. ४ शिक्षक विद्यार्थीको औषत बार्षीक उपस्थिति दर २९
तालिका नं. ५ भौतिक सुविधाहरू ३०
तालिका नं. ६ विद्यालय गतिविधि तथा सहक्रियाकलाप ३१
तालिका नं. ७ स्रोत व्यक्तिका अभिव्यक्तिहरू ३३
तालिका नं. ८ प्रधानाध्यापकका अभिव्यक्तिहरू ३४
तालिका नं. ९ वि.व्य.स. अध्यक्षका अभिव्यक्तिहरू ३५
तालिका नं. १० विद्यार्थीका अभिव्यक्तिहरू ३६
तालिका नं. ११ अनुदान खर्च विवरण ३७

# संक्षिप्त रूप

| | | |
|---|---|---|
| वि.व्य.स. | - | विद्यालय व्यवस्थापन समिति |
| रा.शि.प.यो. | - | राष्ट्रिय शिक्षा पद्धति योजना |
| प्र.अ. | - | प्रध्यानाध्यापक |
| वि.नि. | - | विद्यालय निरीक्षक |
| शै.स. | - | शैक्षिक सत्र |
| प्रा.वि. | - | प्राथमिक विद्यालय |
| मा.वि. | - | माध्यमिक विद्यालय |
| ऐ. | - | ऐजन |
| जि.शि.अ. | - | जिल्ला शिक्षा अधिकारी |
| जि.शि.का. | - | जिल्ला शिक्षा कार्यालय |
| वि.स. | - | विक्रम संम्वत |
| G.E.R. | – | Gross Enrollment Rate |
| N.E.R. | – | Net Enrollment Rate |
| C.S.S.P. | – | Community Support School Programme |
| P.T.A. | – | Parents teachers' Association |
| C.M.S. | – | Community Managed School |